# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल बैशाख महिना २२ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय बुढीबजारबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसायिक अधिविकर्ष तथा हायर पर्चेज कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

## तपशिल

### ऋणीको विवरण

नाम : **पि.एल.विल्डर्स प्रा.लि.** अख्तियार प्राप्त सञ्चालक : प्रविण कुमाल दर्ता नं. : १७०४१५/७३/०७४

दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाडौँ दर्ता मिति : २०७४/०३/१८

रजिष्टर्ड ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २७ स्थायी लेखा नं. : ६०५९३१३९८

### अख्तियार प्राप्त सञ्चालक तथा व्यक्तिगत धनजमानीकर्ताको विवरण

चेत बहादुर कुमालको नाति प्रेम बहादुर कुमालको छोरा कास्की जिल्ला लेखनाथ वडा नं. ६ हाल, पोखरा म.न.पा. वडा नं. २७ बस्ने **प्रविण कुमाल** (ना.प्र.नं. : ४६१००२/१०६ जारी मिति र जिल्ला : २०६३/१२/२५, कास्की)

### व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) बाघ बहादुर कुमालको छोरी प्रेम बहादुर कुमालको बुहारी प्रविण कुमालको पत्नी कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. २ हाल, पोखरा म.न.पा. वडा नं. २७ बस्ने **अनिता कुमाल** (ना.प्र.नं. : ४६-०१-६९-००५१२ जारी मिति र जिल्ला : २०६९/०५/२०, कास्की)

२) दामोदर कुमालको छोरी चेत बहादुर कुमालको बुहारी प्रेम बहादुर कुमालको पत्नी कास्की जिल्ला लेखनाथ वडा नं. ६ हाल, पोखरा म.न.पा. वडा नं. २७ बस्ने **बिभा कुमाल** (ना.प्र.नं. : ८०६ जारी मिति र जिल्ला : २०४५/०१/१९, कास्की)

३) अग्नीधर कुमालको नाति चेत बहादुर कुमालको छोरा कास्की जिल्ला लेखनाथ वडा नं. १ हाल, पोखरा म.न.पा. वडा नं. २७ बस्ने **प्रेम बहादुर कुमाल** (ना.प्र.नं. : १३००६० जारी मिति र जिल्ला : २०५९/०७/०८, कास्की)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**

१) मिति २०७९ साल माघ महिना ४ गतेको नागरिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

२) मिति २०८० साल बैशाख महिना २९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने

३) मिति २०८२ साल बैशाख महिना ११ गतेको मध्यान्ह पत्रिका राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| प्रेम बहादुर कुमाल | कास्की जिल्ला अर्घौं वडा नं. ६ | ०९४१००५४ | ८९५ | १,३०३.५९ |

### शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८३ साल बैशाख महिना २८ गते सोमबार भित्र यस बैकको शाखा कार्यालय बुढीबजार आईपुग्ने गरि पेश गर्नुपर्ने छ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।

४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।

५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल बैशाख महिना २९ गते मंगलबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय बुढीबजारमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिस्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।

९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ